माई नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७५/०३/१३

भाग- १

माई नगरपालिका

## माई नगरपालिका इलामको

## आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम

**माई नगरपालिका नगर सभाबाट स्वीकृत मितिः२०७५/०३/१०**

**प्रमाणीकरण मितिः २०७५/०३/१३**

# नीति तथा कार्यक्रम

नगरसभाको उपाध्यक्ष ज्यू, नगरसभाको सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी मित्रहरु, दलका प्रतिनिधि ज्युहरु, पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु ।

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त भएका उपलब्धिहरु संस्थागत गर्ने हेतु सहित जारि नेपालको संविधानले देशलाई संस्थागत रुपमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक देशको रुपमा विकसित गरेको छ । मिति २०७२ साल असोज ३ गते जारि भई लागु भएको संविधानले व्यवस्था गरे अनुरुप हामि यो दोश्रो वर्षको नगरसभामा उपस्थित भएका छौं । यस अवसरमा ऐतिहाँसिक कालखण्डदेखि हालसम्म परिवर्तनमा सरिक हुँदै स्वतन्त्रता तथा जनताको अधिकार स्थापित गर्न आफ्नो जीवनलाई बलिदान गरि सुनौलो अवसर दिलाउने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

आज देश संघिय लोकतान्त्रिक गणतन्त्र सम्म आइपुग्दा विभिन्न कालखण्ड सहित राणाकालीन , पंचायतकालिन र संवैधानिक राजतन्त्र सहितको बहुदलीय व्यवस्था गुजारी सकेका छौं । बिगतको कहाली लाग्दो समय गुजार्दै भविष्यको सुन्दर सपना साकार पार्नको लागि गतसाल स्थानीय तहको निर्वाचन २०७४ साल आषाढ १४ गते आज भन्दा करिब एक  वर्ष आघि साबिक दानावारी, महमाई, चिसापानी गा.वि.स. र लक्ष्मीपुर गा.वि.स. को वडा नं ५ लाई मर्ज गरि निर्माण गरिएको हाम्रो गौरव हाम्रो भविष्यसंग जोडिएको "माई नगरपालिकाको" जनप्रतिनिधिको रुपमा पांचवर्षको लागि जनताद्वारा निर्वाचित भएर आएका छौं । यो सुनौलो अवसर हो भने संघर्ष र चुनौती पनि हो । पांच वर्ष मध्ये बिगत १ वर्षको अवसर , संघर्ष र चुनौती पार गरिएको छ । विगतबाट पाठ सिकेर आगामी चार वर्षमा हाम्रा लक्ष्य पुरा गर्न गल्ति र कमजोरीलाई सच्याउँदै देश र जनताको पक्षमा दृढता पुर्वक अघि बढ्ने संकल्प गरेका छौं ।

आज हामि एक्काईसौं शताब्दीमा रहीरहंदा विश्वको विकासको गति तिब्र रुपमा आघि बढ्दा हामि घिस्रिएर पछ्याउनु परेको अवस्था छ । हामि बाँकी चार वर्षमा युवाको जस्तो जोश र बृद्धको जस्तो होस मिलाएर यो समय अर्थात कार्यकालमा निस्वार्थ , निर्मम , निर्भिक भएर देश र जनता , राष्ट्र र राष्ट्रियता , सार्वभौमसत्ता , राष्ट्रिय अखण्डता, लोकतन्त्र,  गणतान्त्रिक संघियता , राज्यको पंचशिल सिदान्त, असंलग्न परराष्ट्र नीति, संबिधान र कानुनको अधिनमा रहेर गहन र गौरवपूर्ण जिम्मेवारी निर्वाह गर्न हामि नगर सभाका सदस्यहरु , कर्मचारीहरु र सम्पूर्ण माई नगरपालिकाका नगरवासीहरुको अत्यन्तै महत्वपूर्ण जिम्मेवारी रहने छ ।

हिलोबाटै उम्रेर सुन्दर कमलको फुल फुले जस्तै भ्रस्टाचार , अराजकता, नाताबाद, कृपाबाद, बेथिति सिन्डिकेट , नकारात्मक सोच, गरिबी,खुट्टा तान्ने प्रवृति जस्ता गन्दा हिलोरुपी असंख्य चुनौतिको पहाड छिचोल्दै हाम्रो बाँकी चार वर्षे कार्यकालमा  कठोर मिहेनेतले भ्रष्टाचारलाई शुन्य

सहनशिलतामा झार्ने , अराजकताको अन्त्य गर्दै शुशासनकायम राखे , पूर्वाधारको दिगो विकास , सामाजिक, आर्थिक, संस्थागत विकास गरि समतामुलक समाजको निर्माण गर्दै हाम्रो नगरपालिकालाई समृद्द नगरपालिका र सुखी र खुशी हामि नगरवासी बनाउने दिशा तर्फ हामि अगाडि बढ्ने प्रण गर्दछौं ।

नगरसभाका सदस्य ज्युहरु, हाम्रो माई नगरपालिका इलाम जिल्लाको सुदुर दक्षिण पूर्वमा अवस्थित नगरपालिका हो । हाम्रो नगरपालिकाको पूर्वमा रोङ् गाउँपालिका र सुर्योदय नगरपालिका , पश्चिममा चुलाचुली र माङ्सेबूङ् गाउँपालिका रहेको छ । त्यसै गरि उत्तरमा देउमाई र इलाम नगरपालिका अनि दक्षिणमा झापा जिल्लाको अर्जुनधारा, कन्काई र शिवासतासी नगरपालिका रहेको छ । ६ वटा नगरपालिका र ३ वटा गाउँपालिका संग सिमाना जोडिएको यो नगरपालिका २४६.११ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको छ भने यस क्षेत्रमा २०६८ सालको जनगणना अनुसार कुल ३२५७६ जनसंख्या वसोबास गर्दछौं ।

नेपालको संघिय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नया सिमांकन गर्दा यो नगरपालिका साविकको चिसापानी गा.वि.स. , महमाई गा.वि.स. , दानावारी गा.वि.स. र लक्ष्मीपुर गा.वि.स.को वडा नं ५ मा रुपान्तरण भई स्थापना भएको हो ।

हाम्रो माई नगरपालिका मध्य पहाडी क्षेत्र तथा चुरे भावर क्षेत्र बीच सन्तुलित भएर यसको भौगोलिक स्वरूप रहेको छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्सिहरु धेरै जसो माई खोलामा मिसिन्छन् । भौगोलिक विविधताले गर्दा यहाँ पाइने वनस्पति तथा जैविक विविधतामा एकरुपता नपाइएता पनि अधिकांश ठाउँ चुरे क्षेत्रले ढाकेकाले चुरे क्षेत्रले ढाकेकाले चुरे क्षेत्रमा पाइने वनस्पति र जैविक विविधताको बाहुल्यता छ ।

राई, लिम्वु, ब्राम्हण, क्षेत्री , मगर, गुरुङ, तामांङ, नेवार, गिरि, पुरी, भारती,दशनामी, कुमाल,माझी, शेर्पा, कामि, शार्की, दमाई, मुण्डा, दनुवार, सुनुवार, मेचे, लगायत विभिन्न जातजातिको बसोबासरहेको छ । यहाँ बसोबास गर्ने नगरवासिहरुमा जाति, भाषा, धर्म र संस्कृतिमा विभिधता भए पनि विविधता भित्र इन्द्रेणी स्वरुपमा एकता छ । पेशाको हिसाबले बहुसंख्यक नगरबासीको पेशा खेति नै हो भने बाँकीको पेशा व्यापार , उद्योग र नोकरी रहेको पाइन्छ ।

अब म माई नगरपालिकाको आव. २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पूर्वाधार विकास तर्फ

"दिगो पूर्वाधारनै माई नगरपालिकाको समृदिको आधार " भन्ने नारालाई मूलमन्त्र ठानी दिगो पूर्वाधार विकासको लागि महत्वपूर्ण विकास आयोजनाहरुलाई आगाडी बाढाइने छ । गत वर्ष नगर स्तरीय गौरवका योजना छनोट गरि प्रथामिकताका साथ बजेट विनियोजन गरियो , सोहि योजनाहरुलाई निरन्तरता दिएर स्थायी र गुणस्तरिय संरचना निर्माण गर्दै आगामी तिन आर्थिक वर्षभित्र कालोपत्रे सडक सुरुवात हुनेगरि सोहि बमोजिम बजेट विनियोजन गरिनेछ ।

**गौरवका योजनाहरु**

सडकतर्फ

- बुढी सुखानिदेखि करफोक खोला सम्मको सडक
- सितली देखि पालटार, संधुवा देउराली चोक हुँदै माझीटार सम्मको सडक
- भतभते देखि कप्परसुका, विहीवारे देखि कोइलादेन सम्मको सडक
- ढालापानि देखि गोरखे, ढकने, चेप्टि, सिमले सम्मको सडक
- सितली खोल्सीबाट कामिटार, समीबोटे काभ्रेभञ्ज्याङ हुँदै लोसे सम्मको सडक
- सुक्रवारे लखनचोक बाट कट्टेलटार, आलेटार हुँदै खर्वने जोड्ने सडक
- हाङखिम देखि खर्वने हुँदै दहालटार सम्मको सडक
- राँगापानि देखि रुपा डाँडा हुँदै सु.न.पा. १४ जोड्ने सडक

यी माथिका गौरवका सडकहरु बाहेक वडा हरु बाट सिफारिस भएर आएका र गत वर्ष देखि वडाहरु र नगरबाट विनियोजित सडकहरु, रिंगरोडहरुमा परेका सडकहरुलाई रणनीतिक महत्वका सडकका रुपमा प्राथमिकतामा राखेर पर्याप्त बजेट विनियोजन गरिने छ ।

पक्कि पुल तर्फ

- माई खोलाको तिरतिरे भतभते जोड्ने पक्कि पुल, माझीटार डुम्रेजोड्ने पक्कि पुल, लोदियाको गोलटार मझेनी जोड्ने पक्कि पुल, हात्तीछिरा मुसेटार जोड्ने पक्कि पुल, बगैचा सेरो जोड्ने पक्कि पुल केन्द्रीय र प्रदेश सरकारसंग निर्माणको लागि अनुरोध गरिएको छ भने धोबीखोलामा धोबी खोला बुच्चेटार जोड्ने पक्कि पुल, गङ्गटे खोलामा पक्कि पुल, ढालापानी खोलामा पक्कि पुल, गरुवा खोलामा डाँडा गाउँ दोकान लाइन जोड्ने पक्कि पुल, तिवारी गाउँबेलडाँडा जोड्ने लेवा खोलामा पक्कि पुल, सिन्चुरी डाँडाबाट कटुवाल डाँडा जोड्ने लोदिया खोलामा पक्कि पुल संघिय सरकार र प्रदेश सरकारको समपुरक अनुदान र हाम्रो नगरको समपुरक कोषबाट प्राथमिकताका आधारमा क्रमशः निर्माण गर्दै जाने छौं ।

## झोलुंगे पुल तर्फ

- बाह्रधार्ने खत्रक्पा वा माझीटार, डुम्रे जोड्ने माइ खोलामा झोलुंगे पुल र खर्वनि रमिते जोड्ने धोबीखोलामा झोलुङ्गे पुल संघिय सरकारलाई निर्माणको लागि अनुरोध गरिएको छ ।

## कालो पत्रे सडक तर्फ

- सुखानी दानावारी, चिसापानी, राजदुवाली सडक ४ करोड र नगरपालिका देखि लक्ष्मीबाँध कोइलादेन माङसेबुङ, आत्मानन्द मार्ग २ करोडको लगानीमा यहि आ.व. देखि सुभारम्भ हुँदैछ ।

## शशर्त अनुदान तर्फ

- प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान एक करोड विनियोजन भएकोमा कुन र कस्तो योजनामा विनियोजन गर्ने ? दुइ जना संघिय माननीय संसद ज्यूहरुको संसद कोषबाट प्राप्त रकम के मा विनियोजन गर्ने ? भन्ने वारे आगामी कार्यपालिकाको बैठकले निर्धारण गर्ने छ ।

## विधुत विस्तार तर्फ

- नगरपालिकाका धेरै ठाउमा विधुत विस्तार भईनसकेकोले विधुत विस्तारको लागि कावेली करिडोर अफिससंग कुराकानी भएको र करोडोरले प्रभावित क्षेत्रको दाँया बाँया २.५ किलो मिटर यसै आ.व. देखि विधुत विस्तार गर्ने प्रतिवद्दता जाहेर गरेको छ । विधुत विस्तारमा विधुत प्राधिकरणले नगरपालिकासंग समन्वय नगरी गत आ.व. मा उसकै मनोमालिन्यमा काम गरेकाले यस आ.व. मा एक द्वार प्रणाली अन्तर्गत विधुत विस्तार गर्न सबै सरोकारवाला कार्यालयहरुलाई दवाब दिनका साथै विधुत विस्तारको लागि यथेष्ट रकम विनियोजन गरिने छ ।

## बजार व्यवस्थापन तर्फ

- बजार व्यवस्थापन गर्दै सेवा सुविधायुक्त सहरीकरण तर्फ अघि बढ्न शुक्रवारे बजार विकास, सितली बजार विकास, विहिवारे बजार विकास, लक्ष्मी कप्परसुका बजार विकास, आइतवारे बजार विकास, देउराली सोमवारे बजार विकास गर्न नगर र वडाहरुले विभिन्न योजनाहरुमा बजेट विनियोजन गरि पूर्वाधारको विकास गरिनेछ साथै गुरु योजना सहित सहरी विकास गर्न

संघ र प्रदेशको समपुरक अनुदानमा नगरले आफ्नो समपुरक कोष खर्च गरेर व्यवस्थित सहरी विकास  गरिनेछ ।

संस्कृति तथा पर्यटन तर्फ

- हाम्रो नगरपालिकाको धेरै ठाउँमा नया बसोबास भएकाले यहाँ विभिन्न जातजातिको मिश्रित वसोबास छ र ति जातजातिका विभिन्न धर्म र संस्कृतिहरु छन् । विश्वमा सांस्कृतिक पर्यटन बढ्दै गएकाले सबै जातजातिका सांस्कृतिक सम्पदाहरुलाई संरक्षण र संवर्दन गर्न बेला-बेला प्रतियोगात्मक सांस्कृतिक झाँकी प्रदर्शन र पुरस्कारको व्यवस्था गरिनेछ । पर्यटकीय रुटको निर्माण गर्दै भौतिक पूर्वाधारको स्तर उन्नति गरिनेछ । एउटा रुट सुखानी शहिद पार्क, शिवपोखर, सितली शिवपांचायन मंदिर, बाधीसत्व गुम्बा र चिया बगान, जाँते ढुंगा, गुनमुनेको चिडियाखाना र हाइड्रो इनटेक अवलोकन गर्दै विहिवारेको तेह्रकुने पोखरी सोह्रौं विभूति महाँगुरु फाल्गुनन्दको ज्ञान भुमि खत्रक्पा, फुलुङगि, हाङसामपामा पोखरीबाट ढिकीटारको भ्य टावर सम्मको पर्यटक रुटलाई व्यवस्थित गरिनेछ ।त्यसै गरि  अर्को रुटमा छुरेभिर, खर्वनी, सानु वर्दु र धोद्रे गुफाको सौन्दर्यलाई पनि व्यवस्थित गरिनेछ । मैनाचुलीको प्राकृतिक सौन्दर्यतालाई सोपान गर्न पूर्वाधारको विकास गर्दै पूर्वी झोडाको सौन्दर्यलाई पर्यटकहरुको पहुँच सम्म पुर्याउन कन्काई न.पा. संग सहकार्य गरिनेछ ।

## <u>कृषि क्षेत्र तर्फ</u>

- हामी माई नगरवासीको मुख्य पेशा व्यवसाय भनेको कृषि र पशुपालन नै हो । कृषि र पशुपालनमा आधुनिकीकरण गरि गुणस्तरिय कृषि उपजको उत्पादन बढाइ  हालको निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिक कृषि प्रणालीमा परिवर्तन गर्दै बजार, गुणस्तर र उत्पादन एक अर्काको परिपुरक हुन भन्ने मूल मन्त्रलाई ध्यानमा राखी बजारको माग बमोजिम गुणस्तरलाई मध्यनजर राखी उत्पादन बढाउन कुन ठाउँमा कस्तो खेति उपयुक्त हुन्छ ? त्यसको सम्बन्धित विज्ञबाट अनुसन्धान गरि  "एक गाउँ एक उत्पादन" लाई प्रवर्धन गर्ने र उत्पादित सामग्रीको बजार व्यवस्थापनमा नगरपालिकाले ठूलै धनराशीको सम्बृद्धिकोष खडा गरि पहल गर्नेछ ।
- यस क्षेत्रमा थुप्रै प्रकारका कृषि उत्पादन हुन्छन् ।उन्नत बीउबीजन र प्रविधीको अभावमा मिहेनतको फल प्राप्त गर्न सकिरहेका छैनन् । यसका लागि कृषि सम्बन्धी तालिमको लागि दुहबी कृषि तालिम केन्द्रमा कृषक तालिमको लागि बजेट बिनियोजन गरिनेछ । कृषि सडकको स्तर उन्नती गर्ने,सहकारी र निजी क्षेत्रलाई प्रोत्साहित गरि माई नगरपालिकाको विभिन्न क्षेत्रमा बजार विस्तार गर्दै किसानलाई चाहिने सम्पुर्ण कृषि सामग्री, मलखाद र बीउबीजन सुपथ मूल्यमा बिक्री कक्षको लागि सहकारीलाई प्रोत्साहित गरिनेछ ।

- सिंचाइको लागि हाल सम्म सञ्चालनमा रहेको कूलो हरुको मर्मत संम्भार गर्ने, थप सिंचाइका परियोजनाहरु सञ्चालन गरिने र ठ्याउरे फ्याउरे सिंचाइ छिटो र गुणस्तरीय रुपमा सम्पन्न गर्न गराउन पहल गरिनेछ ।
- कृषि तथा पशुपालन सँग सम्बन्धित सहकारी र समूहसँग नगरपालिको संयुक्त लगानीमा निम्न प्रकारका उत्पादनलाई प्राथमिकरण गरिनेछ ।

  १. कफी खेति (माटो परिक्षण, सिंचाई ) (उन्नत जातको विउ विजन (वर्वोन ) खरिद र रोपण)
  २. सुपारी खेति (माटो परिक्षण, सिंचाई ) (उन्नत जातको विउ विजन खरिद र रोपण)
  ३. बाँस रोपन : भिर, पहिरो, खोलाको किनार तथा तटबन्ध छेउ बाँस रोपण, स्यहार र संरक्षण
  ४. उन्नत जातको बाख्रा (बोयर) जातको पालन (व्यवसायिक तालिम, बोका तथा पाठी खरिद, गोठ सुधार सहकारी र समूह मार्फत कार्यान्वयन)
  ५. उन्नत जातको राँगा पालन (व्यवसायिक तालिम , पाडो खरिद, गोठ सुधार )[ सहकारी र समूह मार्फत कार्यान्वयन]
  ६. टपरी उद्योग मेशिन खरिद तथा भवन व्यवस्थापन । [ सा.व.उ.स. को गरिबी न्यूनीकरण कोष समेत समावेश गर्न सकिने ]
  ७. ढाका उद्योग व्यवसाय (तालिम मेशिन खरिद, बजार व्यवस्थापन ) [ सहकारी र समूह मार्फत कार्यान्वयन]
  ८. माछा पालन (व्यवसायिक तालिम, पोखरी निर्माण, भुरा खरिद ) [ सहकारी र समूह मार्फत व्यवस्थापन]
  ९. केरा खेतीमा लागेको रोगको निदान खोज्दै सो खेतीलाई व्यवसायीकरण गर्दै बजारको प्रवर्धन गरिनेछ ।

- उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने व्यवस्था गरि कृषि र पशु पेशा प्रतिको आकर्षण र सम्मानमा बृदी गरिनेछ ।

स्वास्थ्य तर्फ

- नगरपालिकाको केन्द्रमा विशेषज्ञ सेवा सहितको २५ बेड क्षमता भएको अस्पताल निर्माण र व्यवस्थापनको लागि केन्द्र र प्रदेश सरकारसंग माग र दबाब निरन्तर गरिएको छ ।

स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रबाट गरिने सेवा प्रवाहमा गुणस्तर बढाइनेछ र आगामी चार वर्ष भित्र सबै वडामा स्वास्थ्य चौकी स्थापना गर्न पहल गरिनेछ ।

- गर्भवती, सुत्केरी तथा नवजात शिशु स्याहार सम्बन्धि सम्पूर्ण सेवाहरु थप गुणस्तरिय र व्यवस्थित ढंगले संचालन गरिनेछ ।
- झाडापखाला, हैजा जस्ता सरुवा रोगहरुको निःशुल्क उपचार गरिने व्यवस्था मिलाइनेछ ।
- सबै नगरवासीहरुलाई स्वास्थ्य बिमा गर्न प्रोत्साहित गरिनेछ र अति विपन्न असहायको लागि स्वास्थ्य विमा गर्न सरकारी पहल गरिनेछ ।

**<u>शिक्षा तर्फ</u>**

- "शैक्षिक समानता, गुणस्तरिय शिक्षामा एकता माई नगरपालिकाको प्रतिबद्दता " **भन्ने नारालाई कार्यान्वयन गरिनेछ ।**
- नगरपालिका भित्रका ४९ वटै विद्यालयहरुमा E-Attendance राखिनेछ ।
- अंग्रेजी मध्यमबाट शिशुकक्षा संचालन गर्ने विद्यालयहरुलाई स.का. र पोषणयुक्त खाजाको व्यवस्था गरिनेछ ।
- प्रत्येक वर्ष नमुना विद्यालयको छनौट गरि पुरस्कृत गरिनेछ ।
- उत्कृष्ट शिक्षक, कर्मचारी र विद्यार्थीहरुको छनौट गरि पुरस्कृत गरिनछ ।
- विपन्न असहाय विद्यार्थीहरुलाई आर्थिक र शैक्षिक दिएर सहयोग गरिनेछ ।
- कम्प्युटर शिक्षालाई अनिवार्य गर्दै लैजाने नीतिलाई क्रमसः कार्यान्वयन गरिनेछ ।
- बालमैत्री, अपाङ्ग मैत्री स्थानीय सरकारको अवधारणा बमोजिम भौतिक संरचना, विद्यालयको वातावरण र पठनपाठनमा जोड दिइनेछ ।
- "विद्यालय शान्ति क्षेत्र" भन्ने नारालाई कडाईका साथ लागु गरिनेछ ।

**<u>द्वन्द व्यवस्थापन, महिला शसक्तिकरण र रोजगारी</u>**

- समाजमा विभिन्न कारणबाट उत्पन्न द्वन्दहरुलाई मेलमिलाप मार्फत अन्त्य गरि सामाजिक शान्ति कायम गरिनेछ ।
- सामाजिक कुरीति, कु-संस्कार तथा अन्धविश्वास हरुको अन्त्य गर्दै आर्थिक र शैक्षिक रुपमा सबल बनाई महिला माथि हुने हिंसा र शोषणको अन्त्य गरिनेछ ।

- बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सिप उपयोग हुनेगरि रोजगारीका कार्यक्रम संचालन गरिनेछ ।
- निजि, सहकारी र समूहद्वारा संचालन हुने उत्पादनमुलक र सेवा प्रदायक पेशा, व्यवसाय र घरेलु उद्योगलाई प्रोत्साहित गरिनेछ ।
- निर्वाहमुखी कृषि र पशु पेशालाई व्यवसायीकरण गर्दै स्वरोजगारको प्रवन्ध गरिनेछ ।

**<u>खानेपानी तथा सरसफाई</u>**

- " स्वच्छ सफा खानेपानी प्राप्त गर्ने हामी सबैको अधिकार " भन्ने नारालाई व्यवहारमा लागु गर्न हाल संचालनमा रहेको खानेपानी परियोजनालाई थप व्यवस्थापन गरिनेछ । खानेपानि अभाव भएका क्षेत्रमा प्राथमिकताका साथ खानेपानीको व्यवस्था गरिनेछ । खानेपानीको मुहान संरक्षण तथा पानीको शुद्दिकरणलाई प्रभावकारी बनाइ पानीजन्य रोगहरु पूर्ण रुपमा नियन्त्रणमा लिईनेछ ।खानेपानीका केन्द्रीय योजनाहरु जो करोडौंका छन्, जिल्ला खानेपानीले स्थानीय सरकारसंग समन्वय नगरी जथाभावी संचालनमा ल्याई रहेका छन्, ति परियोजना हरुलाई समेत अनुगमनको दायरामा ल्याइनेछ ।

**<u>वन तथा वातावरण तर्फ</u>**

- हाम्रो नगरपालिकाको धेरै भू-भाग चुरे क्षेत्रमा पर्दछ ।चुरे क्षेत्रको भू-बनौट कमजोर हुन्छ । चुरेको संरक्षण भनेको नै भएका वनजंगलको संरक्षण गर्ने र किसानहरुले पनि कृषि पेशा गर्दा भिरालो ठाउँमा धेरै खनजोत नगरी धेरै आय आर्जन हुने कफी खेति, सुपारी खेति, केरा खेति, बाँस रोपण र पशु व्यवसाय गर्दा आवश्यक डाले घाँसका विभिन्न प्रजाति लगाउन सकिन्छ र त्यहि व्यवसायलाई प्राथमिकतामा राखिनेछ । नेपालको सबै भन्दा धेरै वन जंगलले ढाकेको स्थानीय तह हाम्रै माई नगरपालिका हो जहाँ ७६ वटा भन्दा बढी सामुदायिक वन छन् । हामि चोरी निकासी रोकेर, वन अतिक्रमण रोक्दै भएका वन क्षेत्रको संरक्षण र सम्वर्धन गर्न चाहन्छौं । सिमसार क्षेत्र जस्तै शिव पोखरी, हाङ्साम पामा पोखर, तेह्रकुने पोखरी, थाक्ले सिमसार क्षेत्र, डुंडेहोलि सिमसार क्षेत्र, तेलपानी सिमसार क्षेत्र, मुसेटार सिमसार क्षेत्रको संरक्षण गर्ने लाँखौ रकम लगानी गरेका छौं र क्रमसः बाँकिमा लगानी गर्दै जानेछौं । तर वनसँग सम्बन्धित मन्त्रालय, विभाग , निकाय र समितिहरु संबिधान र ऐनले तोकेको परिधि भन्दा बहिरबाट वनजंगलको दोहन गर्दै स्थानीय सरकारबाट टाढिन चाहेकोले संबिधान र कानुनको दायरामा ल्याउन दबाबमुलक नीति लिईनेछ ।

**<u>खेलकुद तथा शारीरिक व्यायाम तर्फ</u>**

- खेलकुद तथा शारीरिक व्यायाम स्वस्थ रहने सबैभन्दा महत्वपूर्ण उपाय हो । त्यसैले खेलकुद विकासको लागि सम्भव भएसम्मका सानै वडाहरुमा भएका खेल मैदानको स्तर उन्नति र नभएको ठाउँमा खेलकुद मैदानको निर्माण गरिनेछ ।
- नगरको उपयुक्त ठाउँमा सुबिधासम्पन्न रंगशाला निर्माणको लागि प्रदेश र केन्द्र सरकारसंग पहल गरिनेछ ।
- नगर स्तरीय खेलकुद प्रतियोगिता गरिनेछ। जसको कारण विभिन्न खेल प्रतिभा भएका खेलाडीहरुको उत्पादन हुने र मानिसहरुमा अतिरिक्त क्रियाकलापहरुमा जोड दिई खेलकुदको विकास गर्न पहल गरिनेछ ।

**<u>संस्थागत विकास सेवा प्रवाह र शुशासन</u>**

- परिवर्तित नयाँ संरचना अनुसार जनतालाई परिवर्तनको अनुभूति हुनेगरी सेवा प्रवाहमा सहजता, सरलता, नविनतम विधि, विधुतीय सेवा जस्ता पद्दतिहरुको अवलम्बन गरिनेछ ।
- ऐन, कानुन, नियमावली, नियम, विनियम कार्यविधि कार्यपालिका र नगरसभाले पारित गरि प्रमाणीकरण गरेपछि राजपत्रमा प्रकाशित गरि सार्वजानिक गरिनेछ ।
- नागरिक वडापत्र, सूचना अधिकारी, टोकन प्रणाली, गुनासो सुनुवाई संयन्त्र, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परिक्षण, घुम्ती सेवा, विधुतीय सेवा प्रणाली जता शुसासनका सूचकहरुको क्रमसः अवलम्बन गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।
- भ्रष्ट्राचार, अपारदर्शिता र भ्रष्टचाजन्य प्रवृतिलाई रोक्न विशेष सतर्कता अपनाइनेछ ।
- आयोजनाहरु समयमा शुरु नगर्ने, उपभोक्ता समिति अनावश्यक विवादमा अल्झिने र विकासनै प्रभावित हुने प्रवृति देखिएमा त्यस्ता क्षेत्रका आयोजनाहरु झिकेर अन्य क्षेत्रमा दिईनेछ ।
- जिम्मेवारी पुर्वक उत्कृष्ट कार्य सम्पादन गर्ने अनुशासित इमान्दारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरुलाई पुरस्कृत गरि प्रोत्साहन गरिनेछ भने खराब आचरण र जिम्मेवारी बहन नगर्ने कर्मचारीहरुलाई प्रचलित ऐन कानुन बमोजिम दण्ड सजायको व्यवस्था गरिनेछ। तोकिएको योजना आयोजनाहरु गुणस्तरिय रुपमा समयमै सम्पन्न गर्न अनुगमन मुल्यांकन कार्यलाई बिशेष प्राथमिकता दिइनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरि उत्प्रेरित गरिनेछ भने संतोषजनक कार्यसम्पादन नगर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने साथै आगामी वर्षमा उपभोक्ता समितिको रुपमा काम गर्न बाट वन्चित गरिनेछ ।

- सूचना पार्टी, वेवसाइट, सामाजिक संजाल (फेसबुक,ट्वीटर) लगायतका संचारमाध्यमबाट सार्वजानिक सुनुवाइको माध्यमबाट जनतामा सुचनाको हक स्थापित गर्न पारदर्शी कार्य प्रणालीलाई बढावा दिइनेछ ।

अन्त्यमा हामि राज्य पुनर्संरचना अन्तर्गत नयाँ व्यवस्थाको अभ्यासको दोश्रो वर्षमा प्रवेश गरेका छौं । यो संक्रमणकालिन समयमा हामी जति मिहेनत र परिश्रमका साथअगाडि बढ्छौ त्यति नै माई नगरपालिकाको विकास र सम्बृदीको पथमा अगाडि बढाउन सफल हुन्छौं भन्ने मैले विश्वास लिएको छु ।भ्रष्टचारलाई शुन्य सहनशीलतामा झार्न, शुशासन कायम राख्न, दिगो भौतिक पूर्वाधारको निर्माण गर्दै सर्वाङ्गिण विकास गर्दै समतामुलक समाजको निर्माण गर्दै सम्बृद नगर र सम्पन्न नगरवासी बनाउने दृढ सङ्कल्प सहितको लक्ष्य पुरा गर्न माई नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संस्था, बुद्दीजीवि, विकास प्रेमी संचार जगत, आम जनताको साथ् र सहयोगको ठुलो आशा र अपेक्षा गरेको छु ।

आफ्नो बजेट नीति तथा कार्यक्रम तर्जुमा गरि विकासको गति र दिशा तय गर्ने यो ऐतिहाँसिक अवसर र चुनौती पनि हो । यो नीति तथा कार्यक्रम तथा बजेट निर्माण कार्यमा आफ्नो बुद्दी, विवेक र परिश्रमले सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारी मित्रहरु प्रति आभार प्रकट गर्दछु ।

**माई नगरपालिकाको जय होस्**
**माई नगरवासीहरुको जय होस्**
**नेपाल र नेपालीको जय होस्**
**धन्यवाद ।**

दिपक कुमार थेबे
नगर प्रमुख
माई नगरपालिका

**आज्ञाले:**
**नाम: पेशल पोखरेल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**